मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३२ ◆ अङ्क : १०३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ फागुन १६ गते शनिबार (Saturday, 28 February. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-


## कोशी प्रदेशमा निर्वाचन सुरक्षाको तयारी पूरा

**विराटनगर, फागुन १५।** आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि कोशी प्रदेशमा सुरक्षाको सबै तयारी पूरा भएको छ।

कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगरका प्रमुख विनोद घिमिरेले निर्वाचनमा कुनै पनि अप्रिय घटना हुन नदिन सुरक्षा समितिले सम्पूर्ण तयारी गरेको बताए। उनले सुरक्षा रणनीतिअनुसार संवेदनशील, अतिसंवेदनशील स्थान र सुरक्षा चुनौतीको आकलन गरी विशेष निगरानी तथा प्रहरी परिचालन गरिने जानकारी दिए।

(बाँकी अन्तिम पृष्ठमा)

प्रतिनिधिसभा निर्वाचन : दलका घोषणा पत्र

# वन संरक्षणदेखि उपभोगसम्मका प्रतिस्पर्धी एजेन्डा

**काठमाडौँ, फागनु १५।** आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचन नजिकिँदै गर्दा प्रमुख राजनीतिक दलहरू हरित अर्थतन्त्रलाई चुनावी 'एजेन्डा'को केन्द्रमा राखेर निर्वाचनको प्रचारप्रसारमा व्यस्त छन्। वन संरक्षण, दिगो उपयोग, रोजगारी सिर्जना, कार्बन व्यापार र जलवायु अनुकूलनका कार्यक्रममार्फत मतदातालाई आकर्षित गर्ने प्रयास भइरहेको छ।

मुख्य दलले घोषणापत्रमार्फत वन संरक्षण र वनको दिगो उपयोगबाट मुलुकको आर्थिक समृद्धि गर्ने वाचा दोहोऱ्याएका छन्। नेपाली कांग्रेसले वनमा आधारित जैविक अर्थतन्त्र, जडीबुटीको मूल्य अभिवृद्धि र स्वदेशी काठको अनिवार्य प्रयोगमार्फत आयात प्रतिस्थापन गर्ने योजना अघि सारेको छ। कांग्रेसले वनलाई संरक्षणसँगै आर्थिक समृद्धिको आधारका रूपमा प्रस्तुत गरेको छ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले न्यूनतम् ४५ प्रतिशत वन क्षेत्र सुरक्षित गर्ने, सघन वन विस्तार गर्ने र नेपाललाई कार्बन न्यूट्रल देश बनाउने दीर्घकालीन लक्ष्य सार्वजनिक गरेको छ। नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले जमिन, जल, जङ्गल र खनिजको विवेकसम्मत प्रयोग गर्दै उत्पादन र रोजगारी वृद्धि गर्ने नीति अघि सारेको छ।

त्यसैगरी राष्ट्रिय स्वतन्त्र पार्टीले वैज्ञानिक वन उपयोग योजना र कार्बन व्यापारलाई प्राथमिक आर्थिक गतिविधिका रूपमा विकास गर्ने घोषणा गरेको छ।

***हरित अर्थतन्त्रमार्फत रोजगारी र दिगो वन व्यवस्थापन गर्ने कांग्रेसको प्रतिज्ञा :***

नेपाली कांग्रेसले ल्याएको एजेन्डाका सङ्गालोलाई प्रतिज्ञा नाम दिइएको छ। उक्त प्रतिज्ञामा वनमा आधारित जैविक र वृत्ताकार अर्थतन्त्रलाई बढावा




दिँदै जडीबुटीको मूल्य अभिवृद्धि र 'फोहर शून्य' शहरको अवधारणा कार्यान्वयन गर्ने विषयलाई जोड दिइएको छ।

आगामी पाँच वर्षमा नेपाली कांग्रेसले निजी क्षेत्रको सहभागिता सुनिश्चित गर्दै प्राकृतिक स्रोतको दिगो विकासमार्फत राष्ट्रिय वृद्धि, ग्रामीण सशक्तीकरण र पर्यटन तथा आर्थिक अवसरको समान पहुँच सुनिश्चित गर्दै यस क्षेत्रबाट वार्षिक एक लाखभन्दा बढी रोजगारी सिर्जना गर्ने प्रतिबद्धता व्यक्त गर्दछ- प्रतिज्ञामा उल्लेख छ -वन तथा वन्यजन्तु व्यवस्थापन र संरक्षण: वन हाम्रो सम्पत्ति, भविष्य हाम्रो दायित्व। दिगो वन व्यवस्थापन र वन्यजन्तु संरक्षणलाई राष्ट्रिय प्राथमिकताका रूपमा अगाडि बढाउँदै वन व्यवस्थापन, वनजन्तु पालनमा आदिवासी, स्थानीय समुदाय, वातावरण र अर्थतन्त्र सन्तुलनमा जोड दिने नीति अपनाउने छौँ। यसले प्राकृतिक स्रोतको संरक्षण, आय वृद्धि र पर्यटन प्रवर्द्धनमा योगदान पुऱ्याउने छ।

दिगो वन व्यवस्थापनलाई बजारसँग जोड्दै वन उत्पादनको माग र आपूर्ति बढाइ सार्वजनिक पूर्वाधार निर्माणमा स्वदेशी काठ र बाँसजन्य सामग्रीको प्रयोग अनिवार्य गर्ने नेपलाली कांग्रेसले घोषणा गरेको छ। त्यसैगरी स्थानीय स्रोत र परम्परागत सिपबाट निर्मित वस्तुलाई आधुनिक प्रविधि र डिजाइनमार्फत बजारयोग्य बनाउने र स्वदेशी कच्चा पदार्थमा आधारित निर्यातमुखी उद्योगलाई कर छुट तथा सहुलियतपूर्ण कर्जाको व्यवस्था गर्ने समेत उल्लेख छ।

कांग्रेसको घोषणा अनुसार वन डढेलो घटाउन पात-पतिङ्गर र सुकेका काठ सङ्कलन गरी प्राङ्गारिक मल, कागज, बायोचार वा ब्रिकेट उत्पादन गर्ने उद्यमलाई प्रोत्साहन गर्ने तथा स्वदेशी काठ जङ्गलमै हुँदा विदेशबाट काठ र आल्मुनियम आयात हुने विसङ्गतिलाई रोक्दै सुपथ मूल्यमा काठ उपलब्ध गराई आयात प्रतिस्थापन गरिने छ।

निजी वन तथा जडीबुटीको खेती विस्तारका लागि गुणस्तरीय नर्सरी र बिरुवा आपूर्ति गर्छौं। वन क्षेत्रले कृषि, पर्यटन, ऊर्जा र जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण र स्थानीय जीविकोपार्जनमा पार्ने सकारात्मक प्रभावलाई राष्ट्रिय लेखामा समावेश गर्ने छौँ,- प्रतिज्ञामा भनिएको छ।

**एक सामुदायिक वन–एक वन उद्यमको अवधारणा कार्यान्वयन गर्ने एमालेको घोषणा**

एमाले आगामी निर्वाचनका लागि अगाडि सारेको आफ्ना एजेन्डाका सङ्गालोलाई घोषणापत्र नाम दिइएको छ। उक्त घोषणापत्रमा न्यूनतम् ४५ प्रतिशत हरियाली वन क्षेत्र सुरक्षित गर्ने र वन क्षेत्रलाई सघन वन क्षेत्रमा रूपान्तरण गर्ने, जैविक विविधता तथा पर्यावरण प्रणालीको दिगो संरक्षण गर्ने र जलवायु परिवर्तनका असर कम गर्ने गरी रणनीति तर्जुमा गरिने उल्लेख छ। काठ उत्पादनमा आत्मनिर्भर बन्ने लक्ष्यका साथ वनको संरक्षण, विकास र उपयोग गरिने र काष्ठ, गैरकाष्ठ र फलफूलका बिरूवा देशव्यापीरूपमा रोप्ने र संरक्षण गर्ने अभियान सञ्चालन गरिने छ।

यसका लागि योजनाबद्ध ढङ्गले नर्सरीको विकास

(बाँकी अन्तिम पृष्ठमा)

# सुहाङलाई सहज छैन पहिला जस्तो



**इलाम , फागुन १५।** प्रतिनिधिसभा निर्वाचनको मिति नजिकिएसँगै उम्मेदवार तथा दलका नेताहरुको मतदातामाझ भेटको चटारो छ। उम्मेदवारहरु निर्वाचन क्षेत्रमा घरदैलो लगायत चुनावी कार्यक्रममा व्यस्त छन्।

देशका धेरै ठाउँमा यसपटकको नतिजा के होला भन्ने चर्चा छ। आउने निर्वाचनको नतिजा इलाम -२ मा पनि के होला भन्ने आम चासोको बिषय बनेको छ। इलाम -२मा लामो समयदेखि एमालेका उम्मेदवारले जित्दै आएका छन्। पूर्व सभामुख तथा संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङले करिब ३० वर्ष जितेर गए। २०८० साल भदौमा उनको हृदयघातका कारण मृत्यु भयो। ०८१ बैशाखमा उप निर्वाचन भयो। निर्वाचनमा नेम्वाङकै छोरा सुहाङले टिकट पाए। उनले जितेर संसद प्रवेश पनि गरे। उनलाई तत्कालीन एकीकृत माओवादी केन्द लगायतका दलले समेत समर्थन गरेका थिए। गठबन्धन गरेर नै उपनिर्वाचनमा सुहाङ बिजयी भए। तर यसपटक पार्टीहरु एक्लाएक्लै चुनावी मैदानमा छन्।

जेन-जी आन्दोलनपछि संसद विघटनबाट उत्पन्न परिस्थितिले देशमा चुनाव हुन लागेको हो। फागुन २१ हुन लागेको निर्वाचन निकै रोचक हुने अनुमान छ। बिशेष महाधिवेशन पछि एकढिक्का भएको नेपाली कांग्रेस र दलहरु एक्लाएक्लै भएर चुनावी मैदानमा हुँदा यसपटक दलहरुको एकलौटी मत कति छ भन्ने पनि जाँच्न सजिलो हुने देखिएको छ।

इलाम निर्वाचन क्षेत्र नम्बर-२ मा १ लाख १९ हजार ४ सय ८९ मतदाता रहेका छन्। ६० हजार ९ सय ७५ पुरुष, ५८ हजार ५ सय १२ महिला र २ जना तेस्रो लिङ्गी मतदाता रहेको जिल्ला निर्वाचन कार्यालय इलामले जानकारी दिएको छ। उपनिर्वाचनमा कूल १ लाख १५ हजार ८९९ मतदाता थिए। जसमा ६९ हजार ३७४ मत खसेको थियो। तीमध्ये ६८ हजार ४७२ मत सदर भएको थियो। सो उप निर्वाचनमा एमालेका उम्मेदवार सुहाङले २७ हजार ७७२ मत ल्याउँदै बिजयी भए। निकटतम् प्रतिस्पर्धी नेपाली कांग्रेसका डम्बरबहादुर खड्काले २१ हजार ९४२ मत पाउँदै दोस्रो भए। पहिचानवादी मुडा चुनाव चिन्हबाट उम्मेद्वार रहेका डकेन्द्रसिंह थेगिमले ११ हजार ४५७ मत प्राप्त गर्दै तेस्रो भए। चौथो स्थानमा आएको रास्वपाका उम्मेदवार मिलनकुमार योङ्याङ लिम्बूले ५ हजार ५० मत ल्याएपनि जमानत बचाउन सकेनन्।

२०७९ को निर्वाचनमा इलाम-२ मा माओवादी केन्द्रले समानुपातिकतर्फ ५

(बाँकी अन्तिम पृष्ठमा)

# मन जित्यौं, अब मत जित्ने छौं – प्रसाई




**झापा, फागुन १५ ।** नेपाली काँग्रेस झापा क्षेत्र नम्बर २ की प्रत्यक्षतर्फकी उम्मेदवार सरिता प्रसाईले आफूले झापा क्षेत्र नम्बर -२ का जनताको मन जितिसकेकाले अब मत जित्ने बताएकी छन्।

झापा क्षेत्र नम्बर २ का जनताको कृषिका उत्पादन बजारीकरण गर्ने, शिक्षातर्फ सामुदायिक विद्यालयलाई प्रविधिमैत्री बनाउने, स्वास्थ्यतर्फ सबैमा स्वास्थ्य पहुँच पुऱ्याउने, महिला सशक्तिकरणमा जोड दिइने, महिलाले उत्पादन गरेका सामग्रीलाई अन्तर्राष्ट्रिय रूपमा बजारीकरण गर्ने, बिकास निर्माण र ऊर्जाको क्षेत्रमा काम गर्ने, फोहोर व्यवस्थापनलाई व्यवस्थित गर्ने, अव्यवस्थित सुकुम्बासीलाई ब्यवस्थापन गर्ने, भ्रष्टाचारमुक्त सुशासन कायम राख्ने, जेन-जी आन्दोलनबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्ने उनले प्रतिबद्धता जनाइन्।

झापा क्षेत्र नम्बर -२ का जनताको हक अधिकारका लागि लड्न आफूले उम्मेदवारी दिएको उनको भनाइ छ। आफू कहिल्यै पनि भ्रष्टाचार नगर्ने बताउँदै उनले देशको हितका लागि काम गर्ने प्रतिबद्धता जनाइन्। आफूले घरदैलोमा मत माग्न जाँदा मतदाताले नेपाली काँग्रेस पार्टी एकढिक्का बनेकोमा खुशी व्यक्त गर्दै मत दिने प्रतिबद्धता व्यक्त गरेको उनले बताइन्।

कार्यक्रममा नेपाली काँग्रेस केन्द्रीय सदस्य सुधिरकुमार शिवाकोटी, कोशी प्रदेश सभापति उद्धव थापा, झापा सचिव कृष्ण हुमागाँईले नेपाली काँग्रेस झापा क्षेत्र नम्बर २ की प्रत्यक्षतर्फ उम्मेदवार प्रसाई र समानुपातिक तर्फको उम्मेदवार उमा शिवाकोटी र मनमाया विश्वकर्मालाई बिजयी बनाउने प्रतिबद्धता व्यक्त गरेका थिए।

कार्यक्रमको सहजीकरण नेपाली काँग्रेस झापा क्षेत्र नम्बर -२ निर्वाचन परिचालन समिति संयोजक खगेन्द्र मैनालीले गरेका थिए।

# जागिरको लोभमा इञ्जिनियरको हत्या

**झापा, फागुन १५ ।** जिल्ला पूर्वाधार विकास कार्यालय सर्लाहीमा कार्यरत ३६ वर्षीय सव-इञ्जिनियर प्रमोदकुमार यादवको गोली हानी हत्या गरिएको घटनामा नियुक्तिको अवसर हात पार्ने उद्देश्यले योजनाबद्ध हत्या गरेको अनुसन्धानबाट खुलेको छ।

प्रहरीले वैकल्पिक उम्मेदवार गणेशकुमार महतोसहित तीन जनालाई पक्राउ गरी कर्तव्य ज्यान तथा हातहतियार सम्बन्धी कसुरमा अनुसन्धान अघि बढाएको जनाएको छ।

सिरहा सुखीपुर नगरपालिका- ९ बैशख घर भई हाल सर्लाही मलंगवा नगरपालिका -१० मा डेरा गरी बस्दै आएका यादवलाई गत फागुन ३ गते साँझ करिब ७:५५ बजे फोन गरेर डेराबाट बाहिर बोलाइएको थियो। प्रहरीका अनुसार उनी बाहिर निस्किएको केहीबेरमै गोली प्रहार भएको थियो। छातीमा गोली लागेको अवस्थामा फेला परेका उनलाई प्रहरीले तत्काल उद्धार गरी प्रादेशिक अस्पताल मलंगवा पुऱ्याएको प्रहरीले जनाएको छ।

उपचारकै क्रममा चिकित्सकले मृत घोषणा गरेका थिए। पोस्टमार्टम प्रतिवेदनमा छातीमा लागेको गोली नै मृत्युको कारण उल्लेख गरिएको छ।

घटनापछि प्रहरीले सूक्ष्म अनुसन्धान, प्राविधिक विश्लेषण, इन्टेलिजेन्स परिचालन तथा मृतकका परिवार, नातागोता र सहकर्मीहरूसँग सोधपुछ गरेको थियो। अनुसन्धानका क्रममा महोत्तरी रामगोपालपुर नगरपालिका- ५ घर भई सर्लाही बरहथवा नगरपालिका- ९ शान्तिटोलमा डेरा गरी बस्ने ३४ वर्षीय गणेशकुमार महतो मुख्य योजनाकार रहेको खुलेको छ।

महतो सर्लाही कै रामनगर गाउँपालिकामा करारमा प्राविधिक सहायकका रूपमा



कार्यरत थिए। महतो मधेश प्रदेश लोक सेवा आयोग जनकपुरधामबाट सहायक पाँचौं तह सव-इञ्जिनियर पदका एक मात्र वैकल्पिक उम्मेदवार रहेको र उक्त पदमा मुख्य सिफारिस भएका उम्मेदवार भने यादव रहेको खुलेको प्रहरीले जनाएको छ।

नियुक्ति भएको व्यक्ति एक वर्षभित्र पद रित्त भए मात्र वैकल्पिक उम्मेदवारलाई अवसर प्राप्त हुने कानूनी व्यवस्थाको गलत बुझाइका आधारमा महतोले हत्या योजना बनाएको प्रहरीको दाबी छ। यसअघि पनि पटकपटक वैकल्पिक उम्मेदवार बने पनि नियुक्ति नपाएको कारण उनी असन्तुष्ट रहेको अनुसन्धानमा उल्लेख छ।

प्रहरीका अनुसार महतोले आफूलाई 'राकेश यादव' नामबाट चिनाउँदै मृतकसँग सम्पर्क बढाएका थिए। कामको सिलसिलामा फोन सम्पर्क गर्ने क्रममा उनले आफ्नो वास्तविक परिचय लुकाएका थिए। मृतकको व्हाट्सएपमा उनको नम्बर 'राकेश यादव' नाममै सेभ रहेको पाइएको छ। घटनाको दिन पनि उनले व्हाट्सएप कल गरेर यादवलाई डेराबाट बाहिर बोलाएका थिए। बाहिर आएलगत्तै साथमा ल्याएको पेस्तोलबाट छातीमा गोली प्रहार गरी उनी फरार भएका थिए।

घटनामा बसबरीया गाउँपालिका -२ मानपुरका २२ बर्षीय चन्द्र किशोर सिंह कुशवाहा समेत संलग्न रहेको खुलेको छ। उनी गणेशका साला नाता पर्ने व्यक्ति हुन्। प्रहरीका अनुसार दुवै जना भारतीय नम्बर प्लेट बिआर ०१ एफ जेड १०८२ नम्बरको मोटरसाइकलमा चढी बरहथवाबाट मलंगवा पुगेका थिए।

गोली प्रहारपछि सोही मोटरसाइकलमा भागी रौतहट गढीमाई नगरपालिका - ५ बलुवा स्थित बागमती नदीको बाँधछेउ मोटरसाइकल छाडेर फरार भएका थिए। उक्त मोटरसाइकल भोलिपल्ट बेवारिसे अवस्थामा फेला परेको थियो।

अनुसन्धानमा गणेशका भाइ २२ बर्षीय विजयकुमार महतोको पनि संलग्नता खुलेको छ। प्रहरीका अनुसार गणेशले दशौंअघि नै विजयलाई ८० हजार रुपैयाँ दिएर हतियार खरिद गर्न लगाएका थिए। विजयले सोही रकममा पेस्तोल खरिद गरी दाजुलाई उपलब्ध गराएको प्रारम्भिक बयानमा उल्लेख छ। घटनास्थलबाट एक थान गोलीको खोका बरामद गरिएको छ।

घटनामा प्रयोग भएको भनिएको पेस्तोल उक्त घटना घटेको केही दिनपछि

(बाँकी अन्तिम पृष्ठमा)

# मतदानमा दुई लाख २१ हजार कर्मचारी खटाइने

**काठमाडौं, फागुन १५।** फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि देशभरका १६५ निर्वाचन क्षेत्रमा दुई लाख २१ हजार कर्मचारी खटिने भएका छन्।

७७ जिल्लाका १६५ निर्वाचन क्षेत्रका २३ हजार ११२ केन्द्र र समानुपातिकमा मात्र मत हाल्ने १४३ अस्थायी केन्द्रमा गरी उक्त सङ्ख्यामा कर्मचारी खटाउने भएको हो।

निर्वाचन आयोगका सहायक प्रवक्ता प्रकाश न्यौपानेले पाँच सयभन्दा बढी मतदाता भएका केन्द्रमा नौ जना र ५०० भन्दा कम मतदाता भएका केन्द्रमा आठ जना कर्मचारी खटाउने व्यवस्था





मिलाइएको बताए। मतदान केन्द्रमा खटिने मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई प्रशिक्षण दिएपछि केन्द्रमा खटिने अरु कर्मचारीलाई मतदान अधिकृतले नै प्रशिक्षण दिने व्यवस्था मिलाइएको पनि आयोगले जनाएको छ।

निर्वाचनका लागि निर्वाचन सामग्री र मतपत्र बिहीबार देशभरका १६५ वटै निर्वाचन क्षेत्रमा पुगिसकेको आयोगले जनाएको छ।




# महाकाली सन्धिमा हस्ताक्षर नगरेको देवराज घिमिरेको दावी




**झापा, फागुन १५।** झापा क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य उम्मेदवार देवराज घिमिरेले महाकाली सन्धिबारे उठिरहेका जिज्ञासाप्रति आफ्नो विचार दिएका छन् । सामाजिक सञ्जाल तथा व्यक्तिगत रूपमा सोधिएका प्रश्नबारे उनले आफूले उक्त सन्धिमा कुनै पनि रूपमा हस्ताक्षर नगरेको बताएका हुन् ।

घिमिरेले शुक्रवार विज्ञप्तिमार्फत महाकाली सन्धिबारे आफ्नो धारणा स्पष्ट रहेको र उठेका प्रश्नहरूको जवाफ दिइरहेको उल्लेख गरेका छन् । सन्धिलाई लिएर भ्रम फैलाउने प्रयास भएको भन्दै उनले घृणाको राजनीति नगरी अध्ययन र विश्लेषण गर्न सम्बद्ध पक्षलाई आग्रह गरेका छन् ।

केही दिनअघि एक व्यक्तिले भिडियो खिचेर सोही विषयमा प्रश्न गरेको प्रसङ्ग उल्लेख गर्दै घिमिरेले उक्त गतिविधि नियोजित रहेको थाहा पाएपछि आफूले जवाफ नदिएको बताएका छन् । अहिले उक्त भिडियो 'अमुक दल'को प्रचार सामग्रीका रूपमा प्रयोग भइरहेको उनको दाबी छ ।

कुनै पनि सन्धिमा मैले हस्ताक्षर गरेको छैन । त्यस समयमा म सांसद, मन्त्री वा राज्यको कुनै जिम्मेवारीमा थिइनँ," विज्ञप्तिमा भनिएको छ । लोकतान्त्रिक पार्टीभित्र भएको बहसमा आफूले व्यक्तिगत धारणा मात्रै राखेको र त्यसको पक्ष-विपक्षमा धेरै नेताले विचार राखेको उनको भनाइ छ । पार्टीको वैकल्पिक केन्द्रीय सदस्यले छिमेकी देशसँग सन्धि गर्ने हैसियत नै नहुने भन्दै यस्तो आरोप लगाइनु दुःखद भएको उनले बताए ।

घिमिरेले आफू ५० वर्षदेखि राजनीतिमा सक्रिय रहेको उल्लेख गर्दै राजनीति आफ्नो लागि सेवा भएको जिकिर गरेका छन् । बिनाश्रम एक रुपैयाँ पनि नलिएको र ओहोदा वा प्राप्तिका लागि राजनीति नगरेको उनले दावी गरे । तीन वर्षअघि प्राप्त जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गरेको दाबी गर्दै घिमिरेले झापा क्षेत्र न. २ का मतदातालाई विगत तथा पछिल्लो तीन वर्षको आफ्नो कामको निष्पक्ष मूल्यांकन गर्न आग्रह गरेका छन् ।

# दुर्गा प्रसाई समूहका तीन जना पक्राउ

**झापा, फागुन १५।** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई प्रभावित पार्न सक्ने आशंकामा दुर्गा प्रसाईं नेतृत्वको 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान'सँग आबद्ध मोरङका तीन जना नेता कार्यकर्तालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा बूढीगंगा गाउँपालिका-७ का अन्दाजी ४७ वर्षीय डोलेश्वर रेग्मी, पथरीशनिश्चरे नगरपालिका-३ का अन्दाजी ६३ वर्षीय सूर्य चौधरी र अन्दाजी ५८ वर्षीय चूडामणि राई रहेका छन् । रेग्मी मोरङ जिल्ला संयोजक हुन् भने चौधरी र राई कार्यकर्ता रहेको प्रहरीले जनाएको छ ।

मोरङका प्रहरी प्रवक्ता डीएसपी हरिनन्दन चौधरीका अनुसार निर्वाचन विरोधी गतिविधि सञ्चालन गरेर चुनाव बिथोल्ने सम्भावना देखिएकाले उनीहरूलाई पक्राउ गरिएको हो । उनीहरुविरुद्ध अभद्र व्यवहारसम्बन्धी कसुरमा मुद्दा चलाउन म्याद थप गरेर अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ । निर्वाचन विरोधी गतिविधिमाथि निगरानी बढाइएको र शान्तिपूर्ण मतदान सुनिश्चित गर्न सुरक्षा रणनीति कडा बनाइएको मोरङ प्रहरी प्रमुख एसपी कवित कटवालले बताए ।

यसअघि निर्वाचन भाँड्ने गतिविधिमा संलग्न रहेको आरोपमा निर्वाचन आयोगको पत्राचारपछि प्रसाईंलाई फागुन ४ गते काठमाडौंबाट पक्राउ गरिएको थियो । तर, सर्वोच्च अदालतका न्यायाधीशद्वय मनोजकुमार शर्मा र मेघराज पोखरेलको इजलासले बिना आधार र कारण थुनामा राखिएको भन्दै रिहा गर्न आदेश दिएपछि उनी छुटेका थिए ।

प्रहरीले निर्वाचन बिथोल्ने कुनै पनि प्रयास सह्य नहुने चेतावनी दिँदै यस्ता गतिविधिका बारेमा सूचना भए तुरुन्त जानकारी गराउन सर्वसाधारणसँग आग्रह गरेको छ ।

# एक हजार ७६ उजुरी, लुम्बिनी प्रदेशमा परे सबैभन्दा धेरै

**काठमाडौँ, फागुन १५।** निर्वाचन आचारसंहिता, २०८२ उल्लङ्घन भएको भन्दै जिल्ला आचारसंहिता अनुमगन समिति र अनुगमन अधिकृतसमक्ष कूल एक हजार ७६ वटा उजुरी परेको निर्वाचन आयोगले जनाएको छ ।

त्यसमध्ये एक हजार ६१ वटा (९९ प्रतिशत) फछ्र्यौट भएको आयोगले शुक्रवार आयोजना गरेको पत्रकार सम्मेलना आयोगका सहसचिव एवम् प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए । प्रदेशगत रूपमा हेर्दा सबैभन्दा धेरै लुम्बिनी प्रदेशमा २४४ वटा उजुरी परेका छन् । सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा ९६ उजुरी परेका छन् । प्राप्त उजुरीमध्ये ९७ वटा (९ प्रतिशत) लिखित र ९७९ वटा (९१ प्रतिशत) टेलिफोन, एसएमएसलगायत अन्य स्रोतबाट प्राप्त भएका थिए ।

प्राप्त उजुरीमध्ये सबैभन्दा धेरै तोकिएको आकारभन्दा ठूला तुल, ब्यानर र झण्डा प्रयोग गरेको, सामाजिक सञ्जालको दुरूपयोग गरेको, डिजे माइक बजाएर ध्वनि प्रदूषण गरेको, शिक्षक तथा कर्मचारीहरू र स्थानीय जनप्रतिनिधिहरू प्रचारप्रसारमा हिँडेको, सार्वजनिक स्थान र सवारीसाधनमा झण्डा टाँगेको, अनुमति नलिएका सवारीसाधन प्रयोग गरेकोलगायत विषयमा रहेको उनले बताए ।

निर्वाचन आचारसंहिताको प्रभावकारी परिपालना गराई उल्लङ्घनका घटनालाई न्यूनीकरण गर्न आयोगले प्राप्त उजुरीमा आवश्यक जाँचबुझ र कारबाही गर्ने प्रक्रिया जारी राखेको छ । आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुगमन समिति, आचारसंहिता अनुगमन अधिकृत, सुरक्षा निकाय तथा सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयहरू क्रियाशील छन् । केन्द्रीय आचारसंहिता अनुगमन समितिमा इमेल, व्यक्तिगत दर्ता तथा सञ्चारमाध्यमबाट जानकारी लिइएका




समेत २५४ उजुरीमध्ये ८८ वटा उजुरीमा स्पष्टीकरण सोधिएकामा ५७ वटाको जवाफ प्राप्त भएको आयोगले जनाएको छ ।

**चार राजनीतिक दललाई सोधियो स्पष्टीकरण**

आयोगबाट सोधिएका स्पष्टीकरणमध्ये राजनीतिक दलहरूलाई सोधिएका स्पष्टीकरणको सङ्ख्या चार र उम्मेदवारलाई सोधिएको स्पष्टीकरणको सङ्ख्या ३३ रहेको छ । त्यसबाहेक सरकारी/शैक्षिक संस्था/कर्मचारी तथा अन्य व्यक्तिलाई ५१ वटा स्पष्टीकरण सोधिएको छ । प्रदेशगत रूपमा कोशी प्रदेशमा आठ, मधेस प्रदेशमा १३, बागमती प्रदेशमा ४०, गण्डकी प्रदेशमा छ, लुम्बिनी प्रदेशमा सात, कर्णाली प्रदेशमा चार र सुदूरपश्चिम प्रदेशमा चारवटा रहेका छन् ।

**दुई उम्मेदवार र एक पार्टीलाई २५-२५ हजार जरिवाना**

आचारसंहिताको प्रभावकारी परिपालना गराई उल्लङ्घनका घटनालाई न्यूनीकरण गर्न आयोगले प्राप्त उजुरीमा आवश्यक जाँचबुझ र कारबाहीका प्रक्रियाअन्तर्गत आयोगबाट सम्बन्धित राजनीतिक दल, उम्मेदवार तथा निकायबाट स्पष्टीकरणसमेत लिई सोउपर जाँचबुझपछि निर्णय गरेको छ ।

निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को उपदफा (१) को खण्ड (झ) र (ण) विपरीत कार्य गरेकोमा नेपाली कम्युनिस्ट पार्टीका जाजरकोट निर्वाचन क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार शक्तिबहादुर बस्नेतलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) तथा आचारसंहिताको दफा ४८ को उपदफा (१) बमोजिम रु. २५ हजार जरिवाना गर्ने निर्णय भएको आयोगले जनाएको छ ।

निर्वाचन आचारसंहिता, २०८२ को दफा ४ को खण्ड (ठ), (ण) र (प) प्रतिकूल कार्य गरेकामा आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा रूपन्देही निर्वाचन क्षेत्र नं २ मा नेपाल जनसेवा पार्टीका उम्मेदवार डा. कमल भुसाल (निकोलस)लाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) तथा आचारसंहिताको दफा ४८ को उपदफा (१) बमोजिम रु. २५ हजार जरिवाना गर्ने निर्णय भएको छ ।

निर्वाचन आचारसंहिता, २०८२ को दफा ४ को खण्ड (छ) र ऐ, आचारसंहिताको दफा १३ को उपदफा (१) को खण्ड (घ) को उल्लङ्घन गरेकामा श्रम संस्कृति पार्टीलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) तथा आचारसंहिताको दफा ४८ को उपदफा (१) बमोजिम रु. २५ हजार जरिवाना गर्ने निर्णय भएको आयोगले जनाएको छ ।

**सुनार र पाठकलाई गरायो सचेत**

प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का तर्फबाट बाँके निर्वाचन क्षेत्र नं -३ का उम्मेदवार खगेन्द्र सुनारलाई निर्वाचन आचारसंहिता प्रतिकूल हुनेगरी अभिव्यक्ति नदिन सचेत गराउने निर्णय भएको आयोगले जनाएको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा भक्तपुर निर्वाचन क्षेत्र नं २ मा नेपाल जनसेवा पार्टीबाट उम्मेदवार रहेकी जानुका पाठक (शोभा)लाई जेन-जी आन्दोलनमा रगतले लतपतिएको आइकोनिक जुत्ता दुरूपयोग नगर्न सचेत गराउँदै अब उप्रान्त यस्तो कार्य गरेमा प्रचलित निर्वाचन कानूनबमोजिम कारबाही गरिने निर्णय भएको पनि पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो ।

## वन ...

गरिने घोषणा गरिएको छ । "वन जङ्गलको संरक्षण, प्रवर्द्धन र सही उपयोग गर्दै वातावरणीय सन्तुलन कायम गरिने छ । जैविक विविधताको संरक्षण र विकास गरिने छ । नेपाललाई कार्बन न्यूट्रल देशमा रूपान्तरण गर्ने अभियानलाई अघि बढाइने छ-घोषाणापत्रमा भनिएको छ,- नेपालमा मात्र पाइने दुर्लभ वन्यजन्तु तथा हुर्कन सयौं वर्ष लाग्ने जातिका रूख भएको वन संरक्षणका लागि विशेष कार्यक्रम लागू गरिने छ । वन, फलफूल, जडीबुटी तथा कृषिजन्य वनपैदावारको खेती विस्तार र बजार प्रवर्द्धन गरिने छ ।

घोषणाअनुसार जडीबुटी तथा वनजन्य उद्योग विकास गर्न पूर्वाधार निर्माण गरी तिनमा निजीक्षेत्रको लगानी आकर्षित गरिने र एक सामुदायिक वन-एक वन उद्यमको अवधारणा कार्यान्वयन गरिने छ । सार्वजनिक निकायमा स्वदेशी काठ एवं फर्निचर प्रयोग गर्ने नीति लिइएको छ । जमिनको उपलब्धताको आधारमा प्रत्येक जिल्लामा नमूना कृषि वन तथा निजी वनको विकास र संरक्षणको व्यवस्था गरिने एमालेको नीति छ ।

**वनलाई रोजगारीमा जोडिने नेकपाको घोषणा**

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) घोषणापत्रमा जमिन, जल, जङ्गल र खनिजको विवेकसम्मत प्रयोग गरिने उल्लेख छ । वनको पूर्ण उपयोग गरी गुणस्तर अभिवृद्धि गर्दै पुनर्विकास गरिने नेकपाको योजना छ । स्रोत-साधनलाई उत्पादन, रोजगारी र गरिबी निवारणसँग जोडिनेछ ।

**स्पष्ट कानून तथा नीतिगत पुनरावलोकन गर्ने रास्वपाको घोषणा**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले वन क्षेत्र र त्यसबाट प्राप्त हुने उत्पादनले अर्थतन्त्रमा वृहत्तर योगदान पुऱ्याउने गरी वन व्यवस्थापन र उपयोगसम्बन्धी स्पष्ट कानून तथा नीतिगत पुनरावलोकन गर्ने घोषणा गरेको छ । चरन क्षेत्रको विकास, मासुजन्य पशुपंक्षीपालन, आवश्यक पूर्वाधार विकास, आवास तथा घर-भवन निर्माणमा काठको व्यवस्थित उपयोग, आयात प्रतिस्थापन, उद्योगका लागि कच्चा पदार्थको आपूर्ति, जडीबुटी तथा आयुर्वेदिक औषधि उत्पादन, पर्यटन, काठ उत्पादन तथा बिक्री र कार्बन व्यापारलाई प्रमुख आर्थिक गतिविधिका रूपमा लिई आर्थिक र रोजगारीमा योगदान पुऱ्याउने गरी क्षेत्रगत तहमा वैज्ञानिक वन तथा चरन क्षेत्र उपयोग योजना बनाउनेछौं - रास्वपाको बाचापत्रमा भनिएको छ ।

सामुदायिक तथा राष्ट्रिय वनको सुरक्षाका लागि 'वन डढेलो उच्च-सतर्कता केन्द्र' स्थापना गरी ड्रोन र स्याटेलाइट प्रविधिमार्फत् डढेलोको वास्तविक समय (रियल टाइम) मा निगरानी र नियन्त्रण गर्ने आधुनिक संयन्त्र परिचालन गर्ने पनि उक्त पार्टीले उल्लेख गरेको छ । साथै पोर्टेबल पम्प र सुरक्षा उपकरणलाई वन क्षेत्र भएका प्रत्येक वडामा वितरण गरी व्यापक अग्नि नियन्त्रण प्रशिक्षण दिने र अग्नि नियन्त्रणमा ड्रोनको परीक्षण तथा अनुसन्धान गराउने रास्वपाको घोषणा रहेको छ ।

**वनलाई समृद्धिको आधार बनाउने एजेन्डा कार्यान्वयनयोग्य छ : वनविद्**

वन क्षेत्रलाई स्रोतका रूपमा उपयोग गरेर राष्ट्रिय समृद्धिको आधार बनाउन सकिने बताउँदै वनविद् डा. राजेश राईले यसको कार्यान्वयन असम्भव नभएको बताएका छन् । उनका अनुसार विगतमा वन व्यवस्थापनको संरचना तयार भए पनि प्रभावकारी कार्यान्वयनमा कमजोरी देखिएको थियो ।

डा. राईले यसपटक अझै राजनीतिक दलले वन क्षेत्रलाई प्राथमिकतामा राखेको उल्लेख गर्दै यसलाई सकारात्मक सङ्केतका रूपमा व्याख्या गरे । वनलाई स्रोत मानेर समृद्धिको आधार बनाउन सकिन्छ । कार्यान्वयन गर्न असम्भव छैन- उनले भने -कम खर्चमा परिणाम दिनसक्ने क्षेत्र भएकाले बजेटका हिसाबले पनि यो उपयुक्त क्षेत्र हो ।

उनका अनुसार वन क्षेत्रलाई बजारसँग प्रभावकारी रूपमा जोड्न सकेमा ठूलो आर्थिक सम्भावना खुल्नेछ । तर रोयल्टी, राजश्व दर र मूल्य निर्धारणका विषयमा भने चुनौती रहेको राईको भनाइ छ । हामी वन जङ्गलको धनी मुलुक भए पनि विदेशबाट काठ आयात भइरहेको अवस्था छ- राईले भने -आल्मुनियम र फलामे पाताजस्ता प्रतिस्थापन सामग्रीसँग काठलाई प्रतिस्पर्धी बनाउन राजश्व प्रणालीमा पुनरावलोकन आवश्यक छ ।

उनका अनुसार वनको व्यवस्थापन मात्र पर्याप्त हुँदैन, व्यवहारिक कार्यान्वयनमा जोड दिनुपर्छ । डा. राईले वन क्षेत्रलाई दीर्घकालीन आर्थिक रूपान्तरणको आधार बनाउन सकिने उल्लेख गर्दै नीति र व्यवहारबीचको खाडल अन्त्य गर्न राजनीतिक दल गम्भीर हुनुपर्ने बताए ।

**विगतको तुलनामा सुधार आएको छः फेकोफन**

सामुदायिक वन उपभोक्ता महासङ्घ (फेकोफोन) का अध्यक्ष ठाकुर भण्डारीले विगतका तुलनामा यसपटक विभिन्न राजनीतिक दलले ल्याएका घोषणात्रमा सामुदायिक वनलाई प्रथामिकता दिएको बताएका छन् । भण्डारीले सामुदायिक वनलाई बाइपास गरेर कोही अगाडि बढ्न नसक्ने र सामुदायिक वनको संरक्षण र व्यवस्थापनमा राजनीतिक दलहरूको सक्रिय प्रतिबद्धता र कार्यान्वयन दुवै आवश्यक रहेको बताए ।

## सुहाङलाई...

हजारभन्दा बढी मत ल्याएको थियो । सो मत यसपटक नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवारको पोल्टामा जाने देखिन्छ ।

०७९ को चुनावमा सुवासचन्द्र नेम्वाङ झिनो मतका साथ बिजयी भएका थिए । अर्थात १ सय १४ मत अन्तरले उनी बिजयी भएका थिए । माओवादी केन्द्र र एकीकृत समाजवादी लगायतका मिलेर बनेको नेपाल कम्युनिष्ट पार्टीबाट ओमबहादुर गुरुङले टिकट लिएर चुनावी मैदानमा होमिएका छन् ।

इलाम-२ मा नेम्वाङ परिवारको एकलौटीपनाप्रति पनि धेरैले पश्न उठाउने गरेका छन् । इलाममा २०५१ सालदेखि नै नेम्वाङ परिवारले एकछत्र राज गरिरहेको छ । जनतामाझ १२ वर्ष पछि पुनः टिकट पाएर चुनावी मैदानमा रहेका नेपाली कांग्रेसका उम्मेदवार भेषराज आचार्यलाई बलियो दाबेदारका रूपमा लिइएको छ । उनी १२ वर्षअघि सुहाङका बुबा सुवाससँग चुनाव लडेका थिए । जनसरोकारका मुद्दामा निरन्तर उपस्थित भेषराजले स्थानीय मतदातामाझ विश्वासको आधार बनाउँदै आएका छन् । यस निर्वाचनमा एमालेभित्रको असन्तुष्ट समूहले पनि भेषराजलाई मत दिने सम्भावना उत्तिकै छ ।

श्रम संस्कृति पार्टीबाट युवा उम्मेदवार सुदीप राई छन् । उनले समेत राम्रो मत ल्याउने देखिन्छ । राष्ट्रिय स्वतन्त्र पार्टीबाट समेत युवा उम्मेदवार गोकुल राई रहेका छन् ।

सुवास नेम्वाङले राष्ट्रिय राजनीतिमा राम्रो प्रभाव राखेपनि आफ्नो निर्वाचन क्षेत्रमा बिकासमा खास काम गर्न नसकेको चर्चा हाल पनि उत्तिकै छ । जेन-जीको आन्दोलन पछि पनि पहाडी जिल्लामा पुरानै दलका उम्मेदवारबीच मुख्य भीडन्त हुने देखिन्छ । गोप्य मतदान हो तर हालसम्मको अवस्थाले पुरानै दल र कार्यकर्ताको बाक्लो उपस्थिति रहने गरेको छ ।

## कोशी...

कार्यालय प्रमुख घिमिरेका अनुसार निर्वाचन भयरहीत वातावरणमा सम्पन्न गराउन कोशी प्रदेशमा १२ हजार नेपाल प्रहरी, २३ हजार निर्वाचन प्रहरीलगायत जनशक्ति परिचालन हुनेछन् ।

निर्वाचनमा दुई हजार ५६१ सशस्त्र प्रहरी र सशस्त्रका तर्फबाट पाँच हजार ६४९ निर्वाचन प्रहरी परिचालन भइसकेका सशस्त्र प्रहरी बल कोशी प्रदेश कार्यालय सुनसरीले जनाएको छ ।

प्रदेशमा २८ वटा प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र रहेका छन् । यहाँ ३५ लाख ७४ हजार २८६ मतदाता रहेका छन्, जसमा १७ लाख ४९ हजार ७३ महिला, १८ लाख २८ हजार २१३ पुरुष र अन्य २४ जना मतदाता रहेका छन् । निर्वाचन कार्यालयका अनुसार कोशीमा चार हजार २७० मतदान केन्द्र र एक हजार ९०७ मतदानस्थल छन् ।

## जागिर ...

मलंगवा नगरपालिका-४ ढाका बोर्डर टोलस्थित निर्माणाधीन हनुमान मन्दिरभित्र स्थानीय बालकले फेला पारेका थिए । नक्कली ठानेर पट्काउँदा पेस्तोल चलेर बालक घाइते भएका थिए । सोही हतियार नै घटनामा प्रयोग भएको पाइएको छ ।प्रहरीले गणेशलाई फागुन १२ गते मलंगवा- ८ बाट, चन्द्र किशोरलाई फागुन १३ गते बलरा- ४ बाट र विजयलाई फागुन १४ गते महोत्तरी रामगोपालपुर- ५ बाट पक्राउ गरेको हो । गणेशको साथबाट एक थान भिभो वाई १९एस मोबाइल र घरबाट भिभो टि ३ ५जी तथा बेनको ई ६ मोबाइल बरामद भएको प्रहरीले जनाएको छ ।


## निर्वाचनको समयमा सामाजिक सञ्जाल प्रयोग गर्दा ध्यान दिऔं ।

- गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन हुँदैन ।
- कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टिलिजेन्स- एआई)को प्रयोग गरी वा नगरी निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउन, दुष्प्रचार गर्न, द्वेषपूर्ण भाषण (हेट स्पिच) जस्ता भ्रामक टिकाटिप्पणी गर्न वा गराउन हुँदैन ।
- निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने वा अवरोध गर्ने गरी विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा पोष्ट, रिपोष्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सन गर्न र गराउन हुँदैन ।
- निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने गरी सामाजिक सञ्जालमा झुटा साइट खोल्न वा सञ्चालन गर्न/गराउनु हुँदैन ।
- एआईको प्रयोग गरी वा नगरी कुनै दल वा उम्मेदवारबिरुद्ध कुनै पनि श्रव्य वा श्रव्यदृष्य सामग्री उत्पादन तथा प्रचारप्रसार गर्न/गराउन हुँदैन ।
- निर्वाचन आचारसंहिता उल्लंघन भएको पाइए तत्काल निर्वाचन आयोग वा विज्ञापन बोर्डमा उजुरी गरौं ।

**निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं ।**

**नेपाल सरकार विज्ञापन बोर्ड**



## बिमालेख हरायो

शनिश्चरेबाट बिर्तामोड जाने क्रममा यही मिति २०८२/१०/१३ गते मेरो निम्न व्यहोराको एलआईसी नेपालको पोलेसी हराएको हुँदा भेट्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नामः**- जसमाया राई
**ठेगानाः**- अर्जुनधारा, झापा
**पोलेसी नं.**:- ६०००04८७३
**कम्पनी नामः** एलआईसी नेपाल



## पार्ट टाइम जब

यस पूर्वाञ्चल दैनिक पत्रिका वितरण गर्न आफ्नै साइकल भएका स्थानीय इच्छुक महिला/पुरुषले तु-सम्पर्क गर्नुहोला ।

**क्षेत्र** : बसपार्क/बुट्टाबारी
**तलब** : ५०००।- माथि (पाँच हजार रुपैयाँ माथि ।)
**समय** : बिहान ५:०० बजेदेखि ७:०० बजेसम्म ।

**सम्पर्क : ९८०७९१०२२२, ९८०६०३३१५३**



## बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा

वरिष्ठ रेडियोलोजिष्ट **डा. संजयकुमार गुप्ता**द्वारा
**निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा**
प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

**हाम्रा सेवाहरु**

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६



Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

**Advance Pathology Lab**
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

कविता / मुक्तक

## हाम्री आमा



जेबी खत्री

हामी सानो छँदा
आमाले हामीलाई
मेलापात जाँदा
पिठ्यूमा बोकेर
सँगै लिएर जानु हुन्थ्यो
र शिरको गाम्चा झिकेर
बिछ्याई दिनुहुन्थ्यो ।
बारीमा शितल हेरेर
हामी हिमालको चिसो
हावासँगै रम्थ्यौं ।
पहाडको झर्नासँगै खेल्थ्यौं ।
तराईको सुन्दर फाँटसँग भुल्थ्यौं ।
खशीसँग गीत गाउँदै
हिमाल, पहाड र तराइको
खम्चिए गाम्चा छेउकुना
तानेर मिलाउँथ्यौं ।
आमा दिनभरि काम गर्नुहुन्थ्यो बारीमा
आफ्नै माटोमा सुगन्ध छरेर ।
हामी त्यहीं निदाउँथ्यौं ।
पहाडको शितल छहारीमा
निलो आकाश ओढेर ।
हिमालको शिरानी लाएर
पहाडको काखमा
तराईको सन्दर फाँटसम्म फैलन्थ्यौं ।
न बिझायो हामीलाई हिमाल,
न बिझायो हामीलाई पहाड,
बिझाएन हामीलाई तराई,
भनेनौं हामीले कहिल्यै
यो गाम्चा हाम्री आमाको हो
हाम्रो मात्र हो भनेर ।

## दुई मुक्तक

□ गोविन्द्रराज तिमिल्सेना

१
यसरी किन धोका दियौ निष्ठुरी बनेर ?
जानी-जानी बदला लियौ निष्ठुरी बनेर ।
मलाई सधैँ मायाको नाटक देखाउने,
आखिर तिमी मात्रै थियौ निष्ठुरी बनेर ।

२
सारा दुनियाँलाई ढाँट्नु कसले सिकायो ?
घरि-घरि मेरै कुरा काट्नु कसले सिकायो ?
जति सम्झाउँदा नि मान्दै मान्दिनौ किन,
पैसामा जवानी साँट्नु कसले सिकायो ?

कथा

# पर्खाइ





- गणेश वर्तमान

असार पन्ध्रको दिन थियो । म पाँच वर्षपछि मलेसियाबाट घर फर्किँदै थिएँ । बर्खा लाग्ने समय भए पनि मेरो गाउँको खेत धुलाम्य देखिन्थ्यो । रौन्याँ झार मरेर पुनर्जन्म लिएको जस्तो देखिन्थ्यो । बोरिङको पहुँच हुनेहरू खेतमै देखिन्थे । म हिँडिरहेको आलिको छेउको खेतमा पिर्क्यान घरका निमेष, उसकी आमा र बहिनी धान रोप्दै थिए । मलाई देखेर हुनुपर्छ, धान रोप्न छाडेर म भएतर्फ हेर्न थाले । 'बिहान बिहान घरिहान भाले किन जुधिरहेछन् भनेको लाहुरे आउन रै'छ ।' निमेषले भन्यो ।

'हो र ? कामको यस्तो चापाचाप भएको बेला समेत हाम्रै भाले के गरिराछन् ? सबै थाहा पाउँछौ । तिमिलाई मान्नै पर्छ है निमेश भैया ।'

'दही चिउरा खाने दिन पारेर आउनु भा'छ बाबु । आउनुस्, दही चिउरा खान ।' काकीले आग्रह गर्नुभयो । उहाँको आग्रहलाई अस्विकार गर्न सकिनँ । पाँच वर्ष पहिले जस्तो खेत सज्ना गाइरहेको थिएन । मार खाँदै धान रोप्ने थारुहरू दही चिउरा खाइरहेका देखिन्थे । कति छिटो फेरिएछ गाउँ । कति छिटो फेरिएछन् गाउँलेहरू । यति छिटो शायद दिनरात फेरिँदैन ।

मोह्रा उँइरामा पूजापाठ गरेको छैन । सुट नमाएको, कज्रा सेन्डुरा रोन्हिँको पातमा राखेर टिकेको छैन । मोह्रा पूजा गर्न छाडिसकेको जस्तो भान भयो । घर पुगेँ । बाबा, आँगनमा खटौलिमा बस्नु भएको थियो । छद्दि बिन्नका लागि काम सिँट्दै हुनुहुन्थ्यो ।

'बुबा, ढोग गरेँ ।'

ढोग गरेँ भनेपछि बुबा अरुबेला भाग्यमानी भन्नुहुन्थ्यो । त्यतिबेला हात मात्रै दिनुभयो । बुबा केही बोल्नुभएन । बरु बसेको खटैलिबाट उठ्नुभयो । त्यसपछि खेततिर लाग्नुभयो । मलाई बैराग लाग्यो । पाँच वर्ष परदेश बसेर आएको छोरासँग किन बोल्नु भएन होला, बुबा ? के उहाँलाई साँच्चै आफ्नो छोरासँग बोल्न मन नभएर होला ? किन उठेर जानुभयो होला ? के आफ्नो छोरासँग बस्न मन नभएर होला ? मनले मनमाथि प्रश्नको वर्षात् गरायो । मेरो टाउको भाउन्न भएर आयो । आँखा पिलपिल भए । छाती दुखे जस्तो भयो ।

म घरभित्र छिरेँ । आमा बह्निमा बसेर चामल केलाउँदै हुनुहुन्थ्यो । आमालाई खुट्टामा ढोग गरेँ ।

'के हो बुडि.. ? के हो बुडि... ?' 'को हो हजुरआमा...? को हो हजुरआमा...?' भन्दै छोरी कोन्टिबाट बह्निमा आई । 'ट्वा बाबा आरहल रि बुडि ।' 'तिम्रो बाबा, नातिनी ।' 'टुहाँ छावा फुरसे आ रल का माउँ ?' 'हजुरको छोरा साँच्चै आउनु भएछ र, आमा ?' भन्दै श्रीमती बह्निमा आइन् । छोरी र श्रीमती मलाई देखेर दङ्ग परे ।

'भिसा थपे भन्नुहुन्थ्यो । थाहा नदिई आउनलाई पो रै'छ । आउने बेला एकचोटि भन्नु पर्दैन है हजुरलाई ?' 'बाबा, मेरो लागि के ल्याई दिनुभयो ?' छोरी र श्रीमती मलाई पालैपिच्छे प्रश्न गरिरहेका थिए । आमा, श्रीमती, छोरी मसँग बोल्नका लागि लालायित हुँदै थिए । म भने बुबासँग बोल्न मन लागेर मरिसकेको थिएँ । झोला बुढीलाई राख्न दिएँ । आफूलाई रोक्न सकिनँ । म बुबालाई खोज्दै हिँडे । हाम्रो बेह्रा उँइरा नजिकै बुबा उभिनु भएको थियो । बाहिर खै के हेर्दै हुनुहुन्थ्यो । बुबा खै किन हो ? रुँदै हुनुहुन्थ्यो ।

'के भयो बाबा ? किन रुनु भएको ?' बुबा झन् जोडले रुन थाल्नुभयो । जति सोध्दा पनि केही बोल्नुभएन । मलाई केवल बुबाको आवाज सुन्न मन लाग्यो ।

'बाबा के भयो भन्नुहोस् न ! कि अझै आफ्नो छोरासँग रिसाउनु भा'छ ?' बुबाका आँखा झनै रसाए । मेरो मनमा छुरी रोपेजस्तो भयो । मेरो मन छटपटायो । न बुबा आफैंले केही बोल्नुभयो, न मैले सोधेको प्रश्नको जवाफ दिनुभयो । म र बुबा खेतको आलिमा उभिएका थियौं । निमेष त्यही आली हुँदै घर जाँदै थियो । निमेषले बुबासँग हातको ईशाराले बोल्यो । बुबा हातकै ईशाराले जवाफ फर्काउनुभयो । म आश्चर्यमा परेँ । निमेष, बुबासँग किन हातको ईशाराले बोल्यो होला ? म घर फर्किएँ । मेरो मनमा भने उही प्रश्न रहिरह्यो ।

बुबा पक्कै मसँग रिसाउनु भा'छ । नभए बोलाउँदा किन बोल्नु हुन्थेन ? पुरानो कुराले मनमा भुइँचालो ल्यायो ।

'सोनियाँ कि आमा, बुबालाई के भयो ? किन हो ? म सँग बोल्नु हुन्न । म सँगको रिस अझै मरेन कि के हो ?' श्रीमतीसँग सोध्नु बाहेक मसँग अरु केही विकल्प बाँकी थिएन । मेरो प्रश्नको जवाफै दिइनन् उनले । केही बेरसम्म नसुने झैं गरिन् । आँखाबाट बरर आँशु झारिन् । मेरो मनमा शंकाको डढेलो सल्किसकेको थियो ।

'बुबा... बुबा...। हजुरबुबाले कहिल्यै बोल्न सक्नुहुन्न अब । त्यसै भन्नुभा'छ, डाक्टर साबले ।' छोरी सोनियाको मुखबाट यस्तो सुन्दा छाङ्गाबाट खसे जस्तो भयो । तैपनि गर्न के पो सक्थेँ र ? मलाई ती कुराहरू झुटा जस्तै लाग्यो । तैपनि विश्वास नगरेर नहुने । सत्यलाई अस्वीकार गर्न नसकिने । म रोइरहेको थिइनँ, तर पनि मेरा नयन वर्षाको मुल बनेर रसाइरहेका थिए ।

म बिस्तारै आफ्नो विगततिर फर्किएँ । पाँच सालअघि कै असारमा पुगेँ । पन्ध्र असार, जताततै खेत धुलाम्य थियो । जोतिसकेको खेतमा पलाएको घाँस सुक्दै गएको थियो । बर्खा लाग्ने छाँटकाट थिएन । गाउँमा नहर थिएन । बरइ खोलामा बाँध बाँधेर पानी ल्याउँथे । अरु समयमा खोलामा पानी कम हुन्थ्यो । बाढी आएपछि बाँध बगाएर लान्थ्यो । किसानलाई जहिल्यै खेतमा लाउने पानीको अभाव हुन्थ्यो । गाउँलेहरू बोरिङको पानीले बिऊ राख्न थालेका थिए । हामीले पनि हप्ता दिन पहिले बिऊ राखिसकेका थियौँ । हाम्रो उम्रिसकेको बिऊ बिस्तारै पहेँलिँदै गएको थियो । एकदिन बुबाले मलाई बोलाएर भन्नुभयो ।

'छोरा, साँझपख बिऊमा पानी लगाएस् । गह्राको बिऊ पहेलिँदै गएको छ ।' त्यही साँझदेखि, दिन बिराएर पानी लाउन थाले । साँझ पानी पाएपछि हरियो देखिन्थ्यो, साँझ फेरि उस्तै ।

'बरसेउ र बरसेउ र पनियाँ रे...
पुटा मोर ल्यावा करहिँ ।
बरसेउ र बरसेउ र पनियाँ रे...सौना लाग लगहिँ ।
बरसेउ र बरसेउ र पनियाँ रे ...
पटोइह्या मोर धान लगिहिँ ।'

(सज्ना गित गाउँदै) बुबा घाँटीको नशा फुलाउँदै सज्ना गाउनुहुन्थ्यो । मलाई भने सज्ना सुनेर दिक्क लाग्थ्यो ।

'काम पाउनु हुन्न । जहिल्यै एउटै गीत गाउनु हुन्छ ।'

'तँलाई थाहा छैन छोरा । सज्ना गाए पछि पानी पर्छ ।'

'काला अक्षर भैँसी बराबर भनेको यही हो । गीत गाएर कही पानी पर्छ ? त्यसो भए जेठबाटै सज्ना गाउनुहुन्छ । जेठमा बर्खा लाग्नुपर्ने ।'

'सबैको आ-आफ्नो समय हुन्छ छोरा । पानी, बाफ बनेर दिनहुँ आकाशमा पुगिरहेको हुन्छ । तत्काल पानी परिहाल्दैन । पानी पर्नलाई बर्खा नै लाग्नुपर्छ । सज्ना भनेको पानीको बाफ जस्तै हो । जेठमा गायो, असारमा गायो । त्यसपछि पानी पर्छ । बर्खा लाग्छ । तँ पहिले सानो थिइस् । बिस्तारै बोल्न, हिँड्न सक्ने भइस् । यहाँ एकैचोटी केही हुँदैन छोरा । बिस्तारै हुन्छ सबै । बस हामीले धैर्य गर्न सक्नुपर्छ ।'

'यस्तो गवाँर बाउसँग के कुरा गर्नु ? साँझपख दाह्री, कपाल काट्नु हुन्न । थालमा भात पस्किनुभन्दा पहिले चुलोमा चढाउनुपर्छ । काँक्रा चोरेर खाएपछि मुख बाङ्गो हुन्छ । हार्या गुँरै गर्नुभन्दा पहिले मादल बजाउनु हुँदैन । यस्तै-यस्तै भनेर जहिल्यै वाइयात कुरा मात्रै सिकाउनुहुन्छ । एक कलास पढेको भए पो जान्नु ? के गरेपछि के हुन्छ भनेर ।'

सज्ना गाएकै कारण बुबासँग मुखमुखै लागेँ । जे मुखमा आयो, त्यही बोलेँ ।

केही समयपछि, वैदेशिक रोजगारका लागि मलेसिया उडेँ । संस्कृति, चालचलन, धर्म भनेको के हो ? मानिस कसको कारण मानिस भएको छ ? गीत सङ्गीत भनेको के हो ? कुनै पनि मानिसको पहिचान के ले झल्काउँछ ? परदेशले मलाई धेरै कुरा सिकायो ।

बुबाप्रति मैले गरेको व्यवहार सम्झेर लज्जाबोध भयो । मलाई बिस्तारै बुबा प्रतिको आदर भाव बढ्दै गयो । उहाँ प्रतिको प्रेम जाग्दै गयो । मलाई बुबासँग बोल्न मन लाग्न थाल्यो । मलाई बुबाको आवाजमा सज्ना सुन्न मन लाग्यो ।

म बुढीको मोबाइलमा भिडियो कल गर्थें । आमासँग कुरा हुन्थ्यो । श्रीमतीसँग कुरा हुन्थ्यो । छोरीसँग कुरा हुन्थ्यो । जब बुबासँग कुरा गर्न खोज्थेँ, आमाले केही न केही बहाना बनाइ हाल्नुहुन्थ्यो ।


'बाबा घर निहुइट । उहँर गोरु चर्हाए गिल बाट ।'

'तेरो बुबा घर हुनुहुन्न । गोठाला जानु भा'छ ।'

'ट्वा बाबा टम्नहँ ट अठ्हँ रलह, खै काहाँ गिल ?'

'तेरो बाबा अघिसम्म यही हुनुहुन्थ्यो । खै कहाँ जानु भयो ।'

बुबा मेरै छेउमा उभिनु भएको थियो । बुबा पाँच साल अघिकै स्वरुपमा हुनुहुन्थ्यो तर उहाँसँग सज्ना थिएन । उहाँसँग उच्चारण गर्ने शब्द नै थिएन । म, आफू सुत्ने कोठामा गएँ । सज्ना गीतको पुस्तक टेबुलमा देखेँ । पुस्तक समाएँ । पाना पल्टाएँ । पहिलो पानामै सज्ना गीत थियो, जुन मेरो बुबाले गाउनुहुन्थ्यो । मेरो बुबाको आवाज सुमधुर लाग्ने सज्ना पुस्तकका पानामा निरर्थक लाग्दै थियो ।



विष्णु गिरी 'निश्चल'




# मानसिक शान्तिका लागि घुमफिर

हरेक घुमफिरले मानिसको जीवनलाई फरक मार्गमा लैजाने र सिक्ने अवसर प्रदान गर्छन्, तर यसको लागि भ्रमणलाई उद्देश्यमूलक र योजनाबद्ध बनाउनु जरुरी हुन्छ । अहिले बाली नेपालीहरूको लोकप्रिय भ्रमण गन्तव्य बनेको छ । नेपालीहरू विशेषतः बिदा मनाउन, हनिमुन मनाउन, परिवारसँग भ्रमण गर्न र रमाइलो गर्नका लागि बाली जाने गरेका छन् ।

कामको सिलसिलामा पर्वतमा रहेको बेला साथीले फोन गरेर पासपोर्टको कपी माग्नु भयो मैले पनि केही नभनी कपी पठाई दिएपछि थाहा भयो हामी इन्डोनेसियाको बाली जाने रहेछौं । हाम्रो १० जनाको टिम बन्यो त्यसमा एकजना काम परेर जान भ्याउनुभएन हामी नौ जना फागुन १ गते राती काठमाडौंबाट थाईल्याण्डको बैंकक शहरमा विमान परिवर्तन गरेर बाली शहर पुग्यौं । मैले भने धेरै देशको भ्रमण गरेकोले खासै नौलो लागेको थिएन । तर, टिममा केही साथी भने पहिलो पटक वैदेशिक यात्रामा जाँदै हुनुहुन्थ्यो उहाँहरुमा छुट्टै खालको उत्साह थियो ।

हामी एयरपोर्टबाट अध्यागमन पास गर्ने बेला त्या कुनै मानिस थिएनन् । प्रविधिको उच्चतम् प्रयोग गरिएको थियो । हामीले मेसिनबाट आफै पासपोर्ट स्क्यान गर्‍यौं र आफै फोटो खिचरे आफैले अध्यागमनले गर्ने काम गरेर बाली पुग्यौं । हामी पनि साथीहरु बीच रमाइलो गर्न र रिफ्रेसमेन्टलाई लागि भने पनि हस्पिटालिटी क्षेत्रमा काम गर्ने साथीहरु भएकोले केही कुराहरु सिक्न र बुझ्ने भित्री उद्देश्य लिएर बाली पुगेका थियौं । एयरपोर्टबाट हामी सिँधै होटल पुग्यौं, तर होटलको व्यवस्थापन हेर्दा हाम्रो भ्रमण खल्लो होलाकी भन्ने आशंका भए पनि होटलले पछि हामीले चाहे अनुसारकै व्यवस्थापन गर्‍यो ।

विश्वमा सबैभन्दा धेरै मुसलमान बसोबास गर्ने मुलुक इण्डोनेशिया हो । बाली शहर चाहिँ हिन्दुबहुल समुदायको बसोबास भएको शहर रहेछ । यात्राका क्रममा त्यहाँ पनि वर्ण व्यवस्था अनुसारका संस्कार र व्यवहार चलनचल्तीमा रहेको कुरा थाहा भयो । त्यहाँका चोकहरूमा ऋषि व्यासले महाभारतमा व्याख्या गरेका पात्रहरूका शालिक देखिन्छन् । कतै अर्जुन, कतै कृष्ण र अर्जुनका कुरुक्षेत्रमा संवाद गरेका बेलाको दृश्य दर्शाउने शालिकहरू थिए ।

बालीको 'कुता' समुन्द्री किनार र बाटामा पर्ने तीनवटा जति मन्दिर यात्राका क्रममा घुमियो । त्यहाँ मन्दिर क्षेत्र प्रवेश गर्दा शरीरका भाग अनिवार्य रूपमा छोप्नुपर्ने रहेछ । हामी पुगेका मन्दिरहरूमा त्यहाँ उपलब्ध लुङ्गी लगाएर मन्दिर परिसर भ्रमण गर्‍यौं । त्यहाँका मन्दिरहरू प्यागोडा शैलीकै भए पनि हाम्रो नेपालका मन्दिरहरूमा भन्दा धेरै तला भएका र अग्ला पनि देखियो । केही कुरा सिक्नको लागि अनुभव गर्नको लागि र खोज अनुसन्धानको लागि मानिसहरू एक ठाउँबाट अर्को ठाउँमा जाने पुरानो चलन हो । अहिले मुख्यगरी रमाइलोको लागि र मानसिक शान्तिको लागि मानिसहरू घुमफिर गर्ने गर्छन् ।

कुनै कामले कतै गइरहँदा अनि आफ्नो पेशा, व्यवसाय, बैठक, गोष्ठीको लागि पुग्दा पनि घुमफिर भइरहेको हुन्छ । घुम्नकै लागि एक ठाउँदेखि अर्को ठाउँमा जाँदा होस् वा अन्य उद्देश्यले फरक ठाउँमा जाँदा मानिसहरूले धेरै कुरा देख्न, जान्न, सिक्न र महशुस गर्न सक्छन् । तर, अहिले घुमफिरलाई रमाईलो गर्ने र समय कटाउने अवसरको रूपमा मात्र लिने गरिएको छ । धेरै मानिसहरू भ्रमणबाट फर्किएपछि त्यो ठाउँमा बेकारमा गएछु भन्ने ठान्ने, भ्रमणलाई तस्वीरमा मात्र सिमित राख्ने र भ्रमणबाट कुनै फाइदा लिन नसक्ने देखिन्छ । हरेक घुमफिरले मानिसको जीवनलाई फरक मार्गमा लैजाने र सिक्ने अवसर प्रदान गर्छन्, तर यसको लागि भ्रमणलाई उद्देश्यमूलक र योजनाबद्ध बनाउनु जरुरी हुन्छ ।

इन्डोनेसिया मानिसहरू एकदमै मित्रैलो, धीरजी, शिष्ट र अतिथि-सत्कार गर्नेहरू भनेर चिनिन्छन् । इन्डोनेसियाका मानिसहरू सामान्यतयाः भात, मसलादार परिकार र फलफूल खाने गर्छन् । हामीले बाली भ्रमण गर्दा बाटोको राम्रो अवस्था, सवारीसाधनको उपलब्धता र असमय सवारी रोकिने जोखिम कम भएका कारण बालीमा आएका पर्यटकलाई समयको सदुपयोग गर्न र घुम्न धेरै सोचविचार गरिरहनु नपर्ने महशुस भयो । कतै सवारी रोकिएला, जाममा परिएला र भ्रमण तालिका बिग्रिएला भन्ने कुराको चिन्ता लिनुपर्ने अवस्था देखिएन ।

बालीस्थित उलुवातु मन्दिरलाई प्राचीन हिन्दु संरचनाको उच्चतम् नमूनाको रूपमा लिन सकिन्छ । उता, दोस्रो-तेस्रो शताब्दीतिर नै बौद्धधर्मको प्रवेश भइसकेको र आठौं-नवौं शताब्दीतिर आइपुग्दा भने बौद्धकला-संस्कृतिले पनि इन्डोनेसियाली समाज प्रभावित नै हुन पुग्यो । बाली नगर परिक्रमा गर्दा लाग्छ, हिन्दुधर्म-कला-संस्कृतिको यो एक मौलिक संग्रहालय नै हो । धार्मिक-सांस्कृतिक परम्परामा निरन्तरता, विभिन्न माध्यमबाट जलक्रीडा, साहसिक पर्यटन, मुँगाको प्रचुरता, योगा-ध्यानसाधना आदिले दक्षिण पूर्वी एसियाली राष्ट्रका नगरहरूको सूचीमा बाली द्वीपको स्थान अग्रणी रहेको महशुस हुन्छ ।

कुनै मन्दिरका सिँढीमा दायाँ-बायाँ आधा दर्जनभन्दा बढी पनि हनुमान वा सिंह जस्ता पशुका मूर्ति राखिएका र कुनै प्रतिमाको घाँटीको खण्ड कपडाले ढाकिएको देख्न सकिन्छ । बालीका मन्दिर संरचनामा मिहिनरूपमा कारिगरी झल्किन्छ भने कतिपय मन्दिरको छानामा स्थानीय झिगटीको प्रयोग छ । यता कतिपय मन्दिरमा घन्ट, ध्वजापताका, गजुर, छत्र आदिलाई भने देख्न सकिन्न । देवतालाई चढाउने पूजा सामग्रीमा चुरोट समेत-देवीदेवताको मन्दिर-प्रतिमाको नजिक घरको प्रवेशद्वारमा पूजा भइरहेको देख्न सकिन्छ । पूजा सामग्रीमा प्रायः एक खिल्ली चुरोट पनि चढाएको भेटिन्छ । केराको पातमा चढाइने अन्य पूजा सामग्रीमा धूप, रंगीचंगी फूल, चक्लेट, अक्षता, तेल, बिस्कुट, भात, तरकारी र दूवो जस्तो देखिने पाण्डानआरुम आदि देखिन्छ । २७ करोड जनसंख्या रहेको इण्डोनेशियामा बहुसंख्यक मुस्लिम समुदायका मानिस छन् । यो विश्वकै मुस्लिम समुदाय सबैभन्दा बढी रहेको राष्ट्र हो । तैपनि यस मुलुकलाई 'विविधतामा एकता'को सूत्रका रुपमा सबैले आत्मसात गरेको पाइन्छ ।

भारतीय, चिनियाँ तथा विशेषगरी हिन्दू संस्कृतिबाट अनुप्राणित बाली पुग्दा नेपालीहरूले अपनत्व महशुस गर्ने थुप्रै कुराहरू पाउन सक्छन् । समुद्रले नछोएको देश नेपालका नागरिकहरूले बाली टापुमा गएर नयाँ एवम् अविस्मरणीय अनुभव सँगाल्न सक्छन् । बाली जंगल, ज्वालामुखी पहाडहरू, समुद्री तट र कोरल चट्टानहरूको लागि पनि प्रसिद्ध छ । दक्षिणमा कुटाको समुद्रीतट शहरमा बारहरू छन् । बालीमा सेमिन्याक, सानुर, नुसा दुआ जस्ता लोकप्रिय रिसोर्टहरू छन् । बालीमा धार्मिक ठाउँहरू पनि थुप्रै छन् । चट्टान उलुवातु मन्दिर यहाँको एक चर्चित मन्दिर हो । त्यसैगरी बालीका अन्य आकर्षक पर्यटकीय ठाउँहरू कुटा, सेमिनयाक, गरुड विष्णु, केन्काना स्मारक, तनाह लट टेम्पल, बेसाकी टेम्पल, पेमुतेरान, कुता बीच, जिम्बारान बीच, लोभिना बीच, लिम्पुयाङ मन्दिर, गेट्स अफ हेभन, तेगालाङ राईस टेरेस, उबुद मंकी टेम्पल, सनसेट डिनर क्रुज, कुता नाइट मार्केट, किन्तामणि टुर, उबुद मंकी फरेस्ट आदि छन् ।

अहिले बाली नेपालीहरूको लोकप्रिय भ्रमण गन्तव्य बनेको छ । नेपालीहरू विशेषतः बिदा मनाउन, हनिमुन मनाउन, परिवारसँग भ्रमण गर्न र रमाइलो गर्नका लागि बाली जाने गरेका छन् । वैदेशिक यात्रा गर्दा भ्रमणको उद्देश्य, रुची, छनौट, आत्मियता, खर्चमा साझेदारी गर्ने बानी, विचारमा समानता जस्ता कुराहरूको आधारमा सहयात्री छनौट गर्नुपर्छ । भ्रमण मनोरञ्जनको लागि, मानसिक शान्तिको लागि, शैक्षिक वा व्यापारिक प्रयोजनको के को लागि हो । सबै काम एउटै भ्रमणमा गर्न खोजियो भने भ्रमण बोझिलो र अनुत्पादक हुन सक्छ । पछिल्लो समय नेपाली ट्राभल्स कम्पनीले पछिल्ला वर्षहरुमा इण्डोनेशियाको बाली, सिङ्गापुर, मलेशिया र थाइल्याण्डका लागि 'टुर प्याकेज'हरु बनाएर लैजाने गरेको पाइएको छ । नेपालको इन्डोनेसियासँग २५ डिसेम्बर १९६० मा राजदूतस्तरमा दौत्य सम्बन्ध कायम रहेको छ । क्रमश......






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** सहयोगीहरूले साथ दिनेछन्, लामो समयदेखि रोकिएर रहेका काम सुचारू हुनेछ, राम्रो जमघटका साथ मिष्ठान्न भोजनको योगछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** मनमा भएको खटपटी हटेर जाने समय आएको छ, कार्यसिद्धीमा भएको बाधा अड्चन हट्ने छ, नाफामूलक कार्य सफल हुनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** आज अनुकूल रहेको छ, अचानक यात्रा तथा खर्च हुने समय छ, साथीभाइसँग भेटघाट तथा खानपान हुनेछ, स्वास्थ्यको ध्यान दिनुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** समय अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, व्यापार-व्यावसायमा मनग्गे फाइदा हुने समय छ, गरेका काम फत्ते हुनेछन् ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** धार्मिक तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** सन्तान पक्षबाट शुखद् खबर सुनिने छ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते)** नयाँ वश्त्र प्राप्तीको योग छ, पराक्रममा वृद्धि होला, विशेष कार्य योजना हुनेछ, आफन्तजनको सहयोग प्राप्त होला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** बुद्धिको उपयोगले धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** समय मध्यम रहेको छ, फाइदाजनक कामको प्रस्ताव आउनेछ, घरमा पाहुनाको आगमनले रमाइलो हुनेछ, खानपानमा ध्यान दिनुहोला, खर्चिलो योग रहेको छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** बोलिको प्रभावले आयआर्जनमा फाइदा हुनेछ, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय आएको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन् ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौशलाले थप ऊर्जा मिल्नेछ ।





**बन्द रहेको छोटी भन्सार कार्यालयको दुरावस्था :** विं.सं. २०४७ सालमा बन्द भएपछि जीर्ण अवस्थामा पुगेको सुनसरीको भोक्राहा नरसिंह गाउँपालिकास्थित सिसुवा धरमपुर छोटी भन्सार कार्यालय भवन। भन्सार कार्यालय बन्द हुँदा सीमा क्षेत्रमा तस्करी बढ्नुका साथै सरकारको राजश्व गुमिरहेको छ। *तस्वीर : रासस*

# झापामा चैत धान रोपाइँ शुरु, क्षेत्रफल घट्दै

**झापा, फागुन १५।** झापामा चैते धानको रोपाइँ शुरु भएको छ। कचनकवल गाउँपालिका क्षेत्रबाट चैते धान रोपाइँ शुरु भएको कृषि ज्ञान केन्द्रले जनाएको छ।

चैतको दोस्रो हप्तासम्ममा जिल्लाभरि रोपाइँ सकिने अनुमान गरिएको कृषि ज्ञान केन्द्रका प्रमुख सागर विष्टले जानकारी दिए। उनले परम्परागत खेती प्रणालीको तुलनामा मेसिनको प्रयोगमा जिल्लामा धानखेती गर्ने प्रचलन बढ्दै गएकाले रोप्नका लागि कतै बीऊ तयार भइसकेको त कतै बीऊ राख्ने काम भइरहेको बताए। जिल्लाका विभिन्न स्थानमा १० वटा धान रोप्ने मेसिन (ट्रान्सप्लान्टर)हरू रहेका छन्।



प्रमुख बिष्टका अनुसार गत वर्ष जिल्लामा करिब २० हजार हेक्टर क्षेत्रफलमा चैते धानखेती गरिएको भए तापनि यस वर्ष किसानहरूको आकर्षण मकैखेतीतर्फ बढेकाले १५ देखि २० प्रतिशतले धानखेतीको क्षेत्रफल घट्ने देखिएको हो।

गत वर्ष चैते धानको मूल्य प्रतिमन (४० केजी) रु. सात सयमात्र रहेकाले उचित प्रतिफल नपाउँदा किसानहरू निराश भई वैकल्पिक बालीतर्फ मोडिएका उनले बताए। उनले भने- 'गत वर्षको मूल्यकै कारण किसानको चैते धानखेतीतर्फ खासै ध्यान गएन।' धानको बीऊ आपूर्ति गर्ने कम्पनीहरूले बीऊ समेत यस वर्ष सोचे अनुरूप बिक्री गर्न नसकेको जनाएका छन्।

जिल्लामा विशेषगरी हर्दिनाथ-१ जातको धान बढी लगाउने गरिए पनि यसपटक मोरङको आरजु राइस मिलले हर्दिनाथ-६ जातको धान प्रतिमन रु. एक हजारमा खरिद गर्ने पूर्व सहमति गरेपछि किसानले उक्त जातको धान पनि लगाउन शुरु गरेका छन्। बिक्रीको सुनिश्चितता र तुलनात्मक रूपमा राम्रो मूल्य तोकिएकाले 'हर्दिनाथ-६' तर्फ किसानको चासो बढेको भए तापनि धेरैजसोले अझै 'हर्दिनाथ-१' लाई नै प्राथमिकतामा राखेको उनको भनाइ छ।

त्यसैगरी, कृषि ज्ञान केन्द्रको सहयोगमा जिल्लामा 'छरुवा धान' प्रविधिलाई पनि प्रोत्साहन दिइएको छ। केन्द्रले हरेक वर्ष नयाँ स्थानहरू पहिचान गरी किसानलाई यो प्रविधि अपनाउन प्रोत्साहित गर्दै आएको छ भने पुराना किसानले आफैँ यसलाई निरन्तरता दिइरहेका छन्।

छरुवा प्रविधिबाट धानको उत्पादन राम्रो हुने भए तापनि प्राविधिक पक्षमा ध्यान नदिँदा किसानलाई झार नियन्त्रणमा समस्या आउने गरेको प्रमुख बिष्टको भनाइ छ। धानखेतीका लागि चाहिने रासायिक मलको जिल्लामा अभाव नरहेको उनले जानकारी दिए।

# लुटिएको राइफल जलेको अवस्थामा फेला



**दमक, फागुन १५।** दमक नगरपालिका-६ थाना रोडस्थित इलाका प्रहरी कार्यालय दमक नजिकै झाडीमा लुटिएको राइफल जलेको अवस्थामा फेला परेको छ।

प्रहरीका अनुसार इलाका प्रहरी कार्यालय दमकबाट करिब २० मिटर उत्तर-पूर्वतर्फ रहेको स्थानीय याम्जि श्रेष्ठको खाली जग्गामा गस्ती गर्ने क्रममा प्रहरी टोलीले हतियार फेला पारेको हो।

फेला परेको Y१३४८७ नम्बरको मार्क-४ राइफलको काठको भाग पूर्ण रूपमा जलेको तथा हतियारका अधिकांश भागमा खिया लागेको अवस्थामा रहेको प्रहरीले जनाएको छ। उक्त हतियार इलाका प्रहरी कार्यालय दमकमा ल्याई सुरक्षित राखिएको छ।

अनुसन्धानका क्रममा उक्त राइफल २०८२ भदौ २४ गते भएको जेन-जी आन्दोलनका क्रममा इलाका प्रहरी कार्यालय दमकबाट लुटिएको हतियार भएको अभिलेखबाट पुष्टि भएको प्रहरीले जनाएको छ।

# नौलो र ऐतिहासिक कार्यक्रम

**बिर्तामोड, फागुन १५।** बिर्तामोडस्थित बिर्ता बजारमा झापामा रहेका विद्यावारिधी गरेका ११ जना विशिष्ट व्यक्तिको उपस्थितिमा रोचक तथा नौलो कार्यक्रम सम्पन्न भएको छ।

भूतपूर्व विद्यार्थी समाज अनारमनीको संयोजनमा भएको कार्यक्रममा साहित्यकार दिलबहादुर थापाद्वारा लिखित कृषिहरुका बारेमा चर्चा गरिएको थियो। झापामा जन्मिएका, कर्मथलो बनाएका विशिष्ट व्यक्तित्वहरुलाई एउटै मञ्चमा उपस्थिति विद्वान तथा विदुषीहरुलाई सम्मान गरिएको थियो।

झापाली साहित्य समाजको आयोजनामा सम्पन्न कार्यक्रममा समाजका सचिव विवेक निशानीले संस्थाको गतिविधिको सन्दर्भमा प्रकाश पार्दै कृतिकार दिलबहादुर थापाको परिचय दिएका थिए। वरिष्ठ साहित्यकार झापा दमक निवासी डा. गोविन्द्रराज भट्टराईको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा डा. टीका भण्डारी गीत, डा. जीतबहादुर तामाङले मोबाइल, डा. व्यञ्जना शर्माले मानवेत्तर र डा. रुपक खनालले सन्तान सुधार्ने सूत्रहरुका सन्दर्भमा चर्चा गरेका थिए।

त्यसैगरी डा. ठाकुरप्रासद पोखरेलले जिज्ञासा (नाटक), डा. छायाँदत्त न्यौपानेले जीवन जिउने युक्ति, डा. पृथ्वी राईले अचम्मको मान्छे, डा. पुण्यप्रसाद सिग्देलले सन्तानप्रतिको दायित्व शीर्षक माथि बोलेका थिए। डा. अञ्जना भट्टराईले असल अभिभावकत्व र डा. गंगा अधिकारीले अञ्जान कृषि माथि समिक्षात्मक टिप्पणी गरेका थिए।

कार्यक्रमका प्रमुख अतिथि डा. भट्टराईले झापामा उत्कृष्ट र ऐतिहासिक कार्य गरेको भन्दै कृषिहरुको संक्षिप्त समीक्षा गरेका थिए। मोहन थापाले स्वागत गरेको कार्यक्रममा महेन्द्र रत्न माविका पूर्व विद्यार्थी शिक्षक तथा अभिभावकको उपस्थिति रहेको थियो।

# त्रिदेवद्वारा तनाव व्यवस्थापन तालिम

**चारआली, फागुन १५।** त्रिदेव बहुमुखी क्याम्पस चारआलीमा तनाव व्यवस्थापन तथा जीवनशैली सम्बन्धी तालिम सम्पन्न भएको छ।

क्याम्पसको आयोजना तथा बिएण्डसी मेडिकल कलेज एण्ड रिसर्च सेन्टरको प्राविधिक सहयोग र श्रीकृष्णाश्रम माध्यमिक विद्यालय कन्यामको स्थानीय व्यवस्थापनमा एकदिने तनाव व्यवस्थापन तथा जीवनशैली सम्बन्धी तालिम सम्पन्न भएको हो।

तालिममा सूर्योदय नगरपालिका क्षेत्रका तीन माध्यमिक विद्यालयका कक्षा ११ र १२ मा अध्ययनरत करिब ९० विद्यार्थी सहभागी थिए। कार्यक्रममा प्राध्यापक सेलिनाश्री तिमल्सिनाले विद्यार्थी उमेरमा देखिने तनाव, त्यसका कारण र व्यवस्थापनका उपायबारे सहजीकरण गरेका थिए।





क्याम्पस प्रमुख गोपीकृष्ण भट्टराईको अध्यक्षतामा सम्पन्न कार्यक्रममा क्याम्पस सञ्चालक समितिका उपाध्यक्ष टेकनाथ उप्रेतीको विशेष उपस्थिति रहेको थियो।

कार्यक्रममा उप्रेतीले त्रिदेव बहुमुखी क्याम्पस पूर्व क्षेत्रको उत्कृष्ट शैक्षिक संस्थामध्ये एक रहेको उल्लेख गर्दै समुदायसँग क्याम्पसको सम्बन्ध सुदृढ गर्न यस्ता कार्यक्रम सञ्चालन गरिँदै आएको बताए।

कार्यक्रमको स्वागत तथा औचित्यमाथि प्रकाश पार्दै क्याम्पस प्रमुख भट्टराईले क्याम्पसले गुणस्तरीय शिक्षातर्फ फड्को मार्ने लक्ष्यसहित विविध शैक्षिक तथा सामाजिक गतिविधि सञ्चालन गरिरहेको जानकारी दिएका थिए।

कार्यक्रम व्यवस्थापन गरेको श्रीकृष्णाश्रम माविका प्रधानाध्यापक कपिलमणि गड्तौलाले क्याम्पसको पहलको प्रशंसा गर्दै आगामी दिनमा पनि सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे। सहभागी विद्यालयका तर्फबाट फिक्कल माविका शिक्षक भरतकुमार अधिकारीले विद्यार्थीका लागि कार्यक्रम उपयोगी रहेको बताए।

त्रिदेव बहुमुखी क्याम्पसका व्यवस्थापन विभाग प्रमुख तथा कार्यक्रम संयोजक सावित्रा दाहालले सञ्चालन गरेको कार्यक्रममा क्याम्पसका क्युए फोकल पर्सन ज्ञानकुमार खतिवडा, सहलेखापाल प्रदीप चौधरी, शिक्षक, कर्मचारी तथा विद्यार्थीहरूको उपस्थिति रहेको थियो।


## घर ढलान गर्नुछ ?

तपाईको सेवामा सधैं चन्द्र सूर्य आर.एम.सी. झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल–पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नु परेमा सधैँ सम्झनुहोस्। सेवामा २४सैं घण्टा उपलब्ध छौं।

सम्पर्क : ९८०२३१३२९० ९८२४०५७७०७ ९८०२३१३२९३

## शुद्ध दूधको स्वस्थ उत्पादन
## कोसेली

"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा"
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दुग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ।

**कालिका डेरी,**
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३–५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

## होटल समृद्धि सुरुङ्गा

एसी हल, एसी रुम, बर्थ डे हल, शान्त वातावरणमा खाना/बस्नसहितको विशेष सुविधा अब होटल समृद्धि सुरुङ्गमा।

**होटल समृद्धी**
हरिकुल बोर्डिङ्ग छेउ, हाइवे उत्तर कनकाई नपा, सुरुङ्गा, झापा
सम्पर्क : ९८२२१९५२७३, ९८५२६७१४२२

## वैदेशिक रोजगार

के तपाई विदेश जान चाहनुहुन्छ ? यदि भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने **खगोल ओभरसिजलाई** सम्झनुहोस्। **यहाँबाट विभिन्न देशहरु दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा नेपाली कामदारहरु पठाउने व्यवस्था गरिएको छ।**

सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

## Ganapati Bakers
Finest Bakery in town

गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस्।

सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

## हामीलाई सम्पर्क गर्नुहोस्

सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस्। हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं।
*नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ।*

सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३–५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

## UNited International Group
## UAE मा रोजगारीको अवसर
## ७ दिनमा भिषा आउने

कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर

ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

## सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्

यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस्।

बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

## वैदेशिक रोजगार

अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस्। बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. :
023-590528, 9702959640, 9702959641,
9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

## ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२
९८०१३६४०९३

## उच्च गुणस्तर सुलभ मूल्य
## सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।

सम्पर्क : ९८६६२४२४६६
Whatsp:
९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

## कार्की ट्याक्सी सर्भिस

दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे

सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४ ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

## विशेषज्ञ डाक्टरहरुको सेवा अब
## कान्तिपुर मेडिसीन सेन्टर

उपचार हुने रोगहरु :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ

यहाँ रेबिजविरुद्धको भ्याक्सीन लगाइन्छ। साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ।

अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोन: ०२३–५३२८४५)

## सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३–५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

## सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*

सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

## अब बिर्तामोडमा
## डा. पितामबर ठाकुर

MBBS, MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन

हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म

के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
- पेट सम्बन्धी समस्या
- मुटु सम्बन्धी समस्या
- राति निद्रा नलाग्ने
- छाती दुख्ने
- फोक्सो सम्बन्धी समस्या
- बाथ
- थाईराईड
- रक्तचाप
- मधुमेह

डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म

(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand

## आयुर्वेद उपचार

यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ। साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ।

सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क: ९८१८७९३९८६, ९८५२६८८९८६

## DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS

## प्रत्येक दिन आँखाको शल्यक्रिया

१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)

Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

## आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक

१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार

निःशुल्क चेक–अप र आर्थोडन्टिक परामर्श लिनुहोस्! तपाईंको सेवामा!
हाम्रो स्थानहरू :
बिर्तामोडमा हिकोला रोड
फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८


## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९ को दफा १० (९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला। तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| खड्गप्रसाद गौतम<br>" | घैलाडुब्बा-५ | १०९१<br>१०९१ | ०-२-१८.७५<br>०-०-१४.२५ | देवलाल राजवंशी<br>" |
| नरमाया न्यौपाने | राजगढ-४ | ८०६ | १६७५.०० | टनका राजवंशी |
| नरेरुन खातुन | घेराबारी-७ | ५०<br>१२०८ | २८६०.००<br>२९०.०० | वेकोल राजवंशी/वंटोल राजवंशी/वभटोल राजवंशी |
| पल्ला राजवंशी | बनियानी-२ | ४०७ | ३४९३.३२ | चिकाला/चिकालान रा.व./धीकालाल राजवंशी |
| चिन्तामनलाल राजवंशी | बनियानी-२ | ४०६<br>४०९ | ३४९२.३४<br>३३८.६१ | चिकाला रा.व./चिकालाल रा.व./चिकलाल धीका लाल राजवंशी |
| दिपक पौडेल | भद्रपुर-४ | ४९ | २५३.५० | सावित्री देवी भुर्तेल/सावित्रा देवी |
| हुकुम प्रसाद पौडेल | भद्रपुर-४ | ५० | २५३.५० | सावित्री देवी भुर्तेल/सावित्रा देवी |
| दिपक पौडेल समेत | भद्रपुर-४ | ४७ | १५२.५० | सावित्री देवी भुर्तेल/सावित्रा देवी |
| ज्ञानप्रसाद पौडेल | भद्रपुर-४ | ४८ | १८५.५० | सावित्री देवी भुर्तेल/सावित्रा देवी |
| आलम मिया | पथरिया-४ | २०४७ | ३३८.६३ | हुसेन मिया |
| प्रेमलाल गणेश | पाठामारी-६ | २९२ | ७७५.०० | छोटा जेठा/छोटे जेठा सतार |
| प्रेमलाल गणेश | पाठामारी-६ | ३७५ | ६८९५.०० | छविलाल गणेश<br>ददीलाल/दधिलाल गणेश |
| गिरीराज निरौला | राजगढ-५ | १९३७<br>१९३९<br>१६२५ | २७४२.५०<br>४३८५.००<br>१६९३.१५ | पदम विनोद उपाध्या पदम विनोद<br>"<br>" |
| पवित्रामाया अधिकारी | चकचकी-७ | १५६९<br>१५७० | १-८-०<br>०-५-० | रेन हरदा सतार/ढेना हस्दा सतार |

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

***प्रथम पटक प्रकाशित मिति : २०८२/११/१६***

यस कम्पनीको मिति २०८२/१०/२७ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविकको कम्पनी हिमालयन इन्फास्ट्रक्चर एण्ड कन्स्ट्रक्सन प्रा.लि. (प्रा. लि. नं. १५६९४४) को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्न व्यहोर्नुपर्ने ऋण, धन, कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने, व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/११/१५ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी एस. हिमालयन इन्फास्ट्रक्चर एण्ड कन्स्ट्रक्सन प्रा.लि. कायम गरिएको व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।


## हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३–५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)